**अभिभावकका लागि NCEA सम्बन्धी जानकारी।**

National Certificate of Educational Achievement (NCEA) भनेको के हो?
राष्ट्रिय सैक्षिक उपलब्धिको प्रमाण पत्र (NCEA) भनेको न्युजिल्यान्डको माध्यमिक तहका विध्यालयमा विध्यार्थीलाई दिईने सैक्षिक योग्यताको प्रमाण पत्र हो। यो प्रमाण पत्र तिन तहमा (कक्षा ११, १२ र १३ अर्थात् Level 1, 2 र 3) प्राप्त हुन्छ ।

**हाम्रा नानीहरुलाई NCEA किन चाहिन्छ?**

NCEA सबै विध्यार्थीहरुका लागि हो l यसले हाम्रा नानीहरु विश्वविध्यालयमा प्रवेस गर्न, नवसिकाई अर्थात् शिष्यत्वकाल (apprenticeship) का लागि योजना बनाउन अथवा माध्यमिक विध्यालय सक्न साथै आफ्नो ब्यवासयका लागी व्यवाहारिक सिप सिक्न चाहिन्छ। त्यसैले आफ्ना नानिहरुको भविस्यका लागि NCEA का सहि विषयको छनौट गर्नु पर्छ।

**हाम्रा नानीहरुले NCEA कसरि प्राप्त गर्छन ?**

पुरानो शैक्षिक प्रणालीमा वर्षको अन्त्यमा ३ घण्टा अवधिको एउटा मात्र परीक्षा (exam) ले विध्यार्थीले के सिके त्यसको मापन गर्थ्यो। NCEA मा पनि रास्ट्रीय स्तरको बाहिय परिक्षा हरेक वर्षको अन्त्यमा हुने गर्छ तर साथ - साथै विध्यालयमा आन्तरिक परिक्षा (Internal assessment) पनि विभिन्न समयमा भइरहन्छ।

NCEA मा विषयहरुको निश्चित मापदण्ड (standards) का आधारमा, उपलब्धी मापदण्ड (achievement standards) र इकाइ मापदण्ड (unit standards) गरि २ भागमा विभाजन गरिएको हुन्छ । प्रतेक विध्यार्थीले यी मापदण्डहरुको बारेमा जान्नु पर्ने हुन्छ l माथि उल्लेखित प्रतेक मापदण्डलाई, उपलब्धी (credits) को रुपमा वर्षको अन्तिम परिक्षामा रुपान्तर गरिन्छ । जस्तै - तह १ ( Level 1) को अंग्रेजी विषयलाई ४ देखि १० मापदण्ड (standards) का आधारमा २० वा सो भन्दा बढी उपलब्धी(credits) हूने गरि राखिएको हून्छ।
एउटा तिन घन्टे परीक्षा (one - three -hour exam) भन्दा, यसलाई बिभिन्न मापदण्ड (standard) का आधारमा औपचारिक लेखन, जस्तै - रोजगारिका लागि निवेदन पत्र लेखन (writing job application ) र वक्तृत्व कला(delivering speech) को अभ्यास जस्ता इकाइमा विभाजन गरिएको हुन्छ । र यस्ता मापदण्ड (standard) लाई वर्षको अन्त्यमा लिइने परीक्षाको रुपमा र कुनै मापदण्ड (standard) लाई आन्तरिक परीक्षाको रुपमा राखिएको हुन्छ l विध्यार्थीले पुरै १ वर्ष भरि वा त्यो भन्दा बढी समयमा पनि अध्ययन उपलब्धि (credits ) हासिल गर्न सक्छन। आफुले प्राप्त गरेको उपलब्धी (credits) प्रमाणको रुपमा रहिरहन्छ र प्राप्त उपलब्धी (credits) हरुको विध्यार्थीले अभिलेख (record) राख्न सक्छन।

**NCEA प्राप्त गर्न के चाहिन्छ ?**

प्रतेक NCEA का तह (Level) प्राप्तिका लागि विध्यार्थीलाई ८० अध्यान उपलब्धी (80 credits) को आवस्यक्ता पर्छ। र यसमा लेखाई - पढाई अर्थात् साक्षर (literacy) को स्तर र अंक गणित ( numeracy) को स्तर कायम भएको हुनुपर्छ।

| | |
|---|---|
| तह १ (Level 1 ) | यस तहमा न्युनतम ८० अध्यन उपलब्धी (80 credits) को आवस्यकता पर्छ जसमा 10 credits, literacy मा र 10 credits, numeracy मा प्राप्त गरेको हुनुपर्छ। |
| तह २ (Level 2 ) | यस तहमा 80 credits बाट न्यूनतम 60 credits र बाँकि 20 credits कुनै level बाट भए पनि हून्छ तर level 1 को जस्तै 10 credits literacy मा र 10 credits numeracy मा कायम भएको हुनु पर्छ। |
| तह ३ (level 3 ) | यस तहमा पनि 80 credits बाट न्यूनतम 60 credits प्राप्त गर्नु पर्छ र बाँकि 20 credits, level 2 बाट भए पनि हुन्छ। |

जब आफ्ना नानीहरुको शैक्षिक नतिजा (result) प्रकाशन हुन्छ, तपाईंलाई थाहा हुन्छ कि उसको उपलब्धी (credits) कति अंकमा छ। यसबाट NECA को तह (level) उतिर्ण गरेको मात्र नभइ धेरै कुरा बुझ्न सकिन्छ। आफ्ना नानीले कुन standards प्राप्त गर्यो भन्ने कुरा त्यस् पछि लेखिएका अक्षर N,A,M,E ले बुझाउछ।

जस्तै - N भए, पास नभएको (Not Achieved),
A भए, पास गरेको (Achieved),
M भए, श्रेष्ठ (Merit) श्रेणी मा पास भएको, र
E भए, विशिस्ट (Excellence) श्रेणी मा पास भएको बुझिन्छ।

**उच्च उदेश्य (Aim High)**

हामीले के याद राख्नु पर्छ भने NCEA का प्रतेक ३ तहमै न्यूनतम 80 credits ल्याउनै पर्छ, त्यसैले आफ्ना नानीहरुलाई 80 credits भन्दा बढी ल्याउन प्रेरित (motivate) गर्नुहोस्।
श्रेष्ठता (Merit) वा विशीषटता (Excellence) सहित उनीहरुले न्यूनतम 50 credits प्राप्त गरेको भए उनीहरुलाई दरपिठको प्रमाण पत्र (Certificate Endorsement) दिइन्छ l यो प्रमाण पत्रले उनीहरुलाई विध्यालयको पढाइ सकिए पछि रोजगारी पाउन अथवा, आफ्नो छनौटको ब्यवसायिक सिक्षा प्राप्त गर्न सहयोग पुर्याउछ।

**नानीहरुले आफ्नो NCEA कसरि छनौट गर्ने ?**

विध्यार्थीले आफ्नो कक्षा ९ र १० मा अध्यनरत रहदानै आफ्नो NCEA को छनौट सम्बन्धी सोचाइ अथवा योजना बनाए राम्रो हुन्छ l यदि आफ्ना नानीहरुले लिने पेशा (career) को बारेमा सोच बनाउनु भएको छ भने शिक्षण संस्थाका प्रमूखहरु (Deans) वा शिक्षक -शिक्षिकाहरु (teachers) बाट सल्लाह लिन सकिन्छ ।

**विश्वविध्यालय प्रवेश (University Entrance) का लागि के चाहिन्छ ?**

विश्वविध्यालय प्रवेशका लागि विध्यार्थीहरुले NCEA को तेश्रो तह (Level 3) प्राप्त गर्नु पर्दछ र यसमा स्विकृत (approved) ३ विषयहरु (3 subjects) मध्ये प्रतेक विषयमा 14 credits प्राप्त गरेको हुनु पर्छ र साथै साक्षरता (literacy) र अंक ज्ञान (numeracy) को मापदण्ड पनि पुरा गरेको हुनु पर्दछ। माथि तोकिएको विश्वविध्यालय प्रवेशका लागि न्यूनतम आवस्यकता हुन् र कुनै पनि न्यु जिल्यान्डका विश्वविध्यालय प्रवेश गर्नका लागि अथवा अन्य तेश्रो तहको शिक्षा (Tertiary Education) प्राप्त गर्नकालागि न्यूनतम मापदण्ड मात्र नभइ त्यो भन्दा बढी कुराको आवस्यक्ता पर्दछ।

**नानीहरुले विध्यालयमा अरु कुन-कुन योग्यताहरु हासिल गर्न सक्छन?**

विध्यालयले नानीहरुका लागि NCEA का साथै राष्ट्रिय मान्यता प्राप्त प्रमाण पत्रको व्यवस्था गरेको हुन्छ। जस्तै - ब्यवसायिक प्रशासन (Business Administration) को अध्ययन, कम्प्युटर प्रविधी (Computing), खाध्य तथा पेय सेवा-सत्कार (Hospitality - food & beverage services), यान्त्राकरको पेशा तथा प्रविधि (Mechanical Engineering Technology), पर्यटन (Travel &Tourism) र, न्यु जिल्यान्ड अंग्रेजी भाषा अध्यनको प्रमाण पत्र (New Zealand Certificates in English Language Learning (NZCEL )) ।
तपाईंले विध्यालयमा गएर आ-आफ्ना नानीहरुले अध्ययन गर्न चाहेको विषय भए नभएको बुझ्न सक्नु हुनेछ l कुनै पनि काम बाट प्राप्त उपलब्धी (Credits) ले NCEA को योग्यता बढाउँछ। र यी योग्यतहरु कुनै विध्यालयमा सुरु हुन्छन र काम गर्ने ठाउँमा या त तेस्रो तहको शिक्षण संस्था (Tertiary Institute) प्राप्त गर्ने ठाउँमा गएर अन्त्य हुनसक्छन।

**अभिभावकहरुका लागि केहि सुझावहरु।**

- NCEA किन महत्वपूर्ण छ? र यसले कसरि काम गर्छ, आफ्ना नानीहरुलाई सोध्नुहोस , ऊनीहरुलाई यसको बारेमा जानकारी हुन्छ।

- आफना नानीहरुकालागि सहयोग गर्नुहोस l जस्तै - घरमा पढ्ने वातावरण, समय र ठाउँ, गृहकार्य गर्न सहयोग (homework support) को बन्दबस्त गरिदिनुहोस किन कि ऊनीहरुको सिकाइ सम्बन्धी परिक्षण वर्ष भरि नै भइरहन्छ ।
- आफ्ना नानीहरुको विषयको छनौट गर्दा ऊनीहरुलाई प्रोत्शाहन गर्नुहोस , र कक्षा ११ (Level 1) मा फराकिलो क्षेत्र भएका र कक्षा १२ र १३ (Level 2 and 3 ) अलिक विषयहरुलाई केन्द्रित गराउन सक्नु हुन्छ ।
- आफ्ना नानीहरुको मनोबल उच्च गराउनुहोस र ऊनीहरुलाई श्रेष्ठ (Merit ) र विशिष्ट (Excellence ) श्रेणीमा पास हून हौसला गर्नुहोस । जति राम्रो श्रेणीमा पास गर्न सक्यो त्यति नै बढी आफूलाई मन पर्ने विषयको छनौट गर्ने मौका मिल्छ ।
- यदी आफ्ना नानीहरुको पेशा वा व्यवसाय (career) को निश्चित लक्ष्य छ भने विश्वविध्यालयमा प्रवेश गर्न Level 2 र Level 3 मा कुन कुराको आवश्यकता पर्छ, त्यसको बारेमा बुझ्नुहोस् ।

- विध्यालयमा गइ ऊनीहरुका शिक्षक-शिक्षिका बाट आफ्ना नानीहरुको प्रगतिको बारेमा बुझ्नु होस् । प्राय विध्यालयहरुले पनि अभिभावकका लागि बुझ्न सझिलो होस् भनेर सूचना कक्षाको व्यवस्था गरेको हुन्छ ।
- NZQA को website, www. nzqa .govt.nz/ncea बाट पनि NCEA को जानकारि प्राप्त गर्न सकिनेछ ।